**जीतपुरसिमरा उपमहानगरपालिकाको**
**सम्मानित बाह्रौं नगरसभा 2082 साल असार 25 गते बुधबार**
**उपमहानगरपालिकाका उप-प्रमुख**
**श्री भोला प्रसाद अधिकारीज्यूले**
**प्रस्तुत गर्नुभएको**

# आर्थिक वर्ष २०८2/०८3 को
# बजेट बक्तब्य

**जीतपुरसिमरा उपमहानगरपालिका**
**2082**

यस जीतपुरसिमरा उपमहानगरपालिकाको गरिमामय बार्‍हौं नगरसभाका सभाध्यक्ष महोदय, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष ,कार्यपालिका सदस्य , नगरसभा सदस्य, आमन्त्रित महानुभाव लगायत संचारमाध्यमको प्रत्यक्ष प्रशारणबाट सुनिरहनुभएका नगरवासी आमावुवा, दिदिवहिनी, दाजुभाईहरु !

तपाईहरु माझ जीतपुरसिमरा उपमहानगरपालिकाको बार्‍हौं नगरसभाको दोस्रो वैठकलाई बजेट मन्तब्य मार्फत सम्वोधन गर्न पाउँदा म गौरवान्नित छु ।

**सभाध्यक्ष महोदय,**

लामो संघर्ष र जनआन्दोलन पछि नेपाली जनताको चाहाना अनुरुप संघीय ढाँचाको समाबेशी जनप्रतिनिधिमुलक राज्य प्रणाली स्थापना भएको छ । संबिधानमा भएको तीन तहको सरकारको ब्यवस्था अनुरुप जनताको सबैभन्दा निकट रहेर जनतासँग हातेमालो गर्दै सुखःदुखमा सहकार्य गर्न वि.स.२०७१ बैशाख महिनामा गढीमाई नगरपालिका हुँदै आज जीतपुरसिमरा उपमहानगरपालिकाको बार्‍हौं नगर सभामा उपस्थिति हुन पाएकोछु ।

यस पालिकाको समृद्धी र विकासका लागि हालसम्मका प्रयासलाई निरन्तरता दिंदै लैजान नेपालको संविधानको धारा २३० बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको उपप्रमुखको हैसियतले यस सम्मानित बार्‍हौं नगर सभामा आगामी आर्थिक बर्ष २०८2।०८3 को बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

नेपालको इतिहासका धैरै अप्ठ्यारा एवं विषम परिस्थिती पार गर्दै आजको अवस्था सम्म आइपुगेको र अनेकौ कठिन मोडहरुमा पनि राष्ट्रिय एकता सार्वभौमिकता र स्वाधिनताको झण्डा फहराउँदै वीर अग्रजहरुबाट आजको पुस्तासम्म राष्ट्र निर्माणको अभिभारा हस्तान्तरित हुदै आएको छ । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनितिक क्रान्ति लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु र यस उपमहानगरपालिकाका प्रथम नगर प्रमुख स्व. डा. कृष्ण प्रसाद पौडेल, कार्यपालिका सदस्य स्व. रामपति देवी थरुनी, नगरसभा सदस्य स्व. जादोलाल सहनी प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु

। साथै संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि अगाडि बढ्दै गर्दा बेपत्ता भएकाहरु र घाइते अपांगहरु प्रति उच्च सम्मान तथा स्वास्थ लाभको कामना गर्दछु ।

यो बजेटले उपमहानगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रविधि, दिगो पुर्वाधार, नवप्रवर्तन एवं उद्यमशिलता तथा विपद उत्थानशील विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छु ।

***"आत्मनिर्भर, सक्षम एवमं जनमुखी स्थानीय सरकार, समृद्धिपूर्ण सुशासन, जीतपुरसिमराको आधार"*** भन्ने मुल नारालाई आत्मसाथ गर्दै स्वास्थ्य शिक्षा रोजगारी कृषि उत्पादन खानेपानी दिगो पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गरि नगरबासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्याउन उपमहानगरपालिका प्रतिवद्ध रहेको जानकारी गराउन चाहन्छु ।

**सभा अध्यक्ष महोदय,**

यसै सन्दर्भमा हाम्रा सामु रहेका समसामयीक आर्थिक चुनौतीहरु देहाय वमोजिम पहिचान गरेको छु ।

क) राजश्व परिचालन

- क्षमता अनुसार आन्तरिक आम्दानी संकलन गर्ने प्रयास अघि बढिरहेको छ ।
- करका दायरालाई फराकिलो बनाउन प्रयत्नशिल छौ ।
- कर संकलन प्रकृयालाई सरल, सहज र प्रविधिमैत्री बनाउन कोशिसमा छौ ।
- करका दरहरुमा पुनरावलोकन गरि कार्यान्वयनमा ल्याईएको छ ।

ख) जनशक्ति व्यवस्थापन

- स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पदपुर्ति भइरहेको छ ।
- कर्मचारीहरुको उत्प्रेरणा र मनोबल बढाई सेवाग्राहीमैत्री ढंगबाट परिचालन गरीरहेका छौं ।

ग) भौतिक संरचना ब्यवस्थापनः

- वडा कार्यालय र स्वास्थ्य चौकीहरुको भवन निर्माण भई सञ्चालनमा आएको भने केहि वडा कार्यालयहरु निर्माणको अन्तिम चरणमा रहेको छ ।
- फोहरमैला व्यवस्थापनको लागि स्थायी प्रकृतिको डम्पिङ/ल्याण्डफील साईड बनाउँन विभिन्न सहयोगी संस्थाहरु सँग आवश्यक सहकार्य भईरहेको छ ।
- नयाँ योजनाहरु क्रमिकरुपमा प्राथमिकताका आधारमा कार्यान्वयनको चरणमा छ ।
- संघीय समपुरको आयोजना अन्तर्गत रहि जीतपुर देखि बकुलिया हुदै बडहर्वा सम्मको सडक र हातिसार देखि मथुरापुर सम्मको सडक सम्पन्न गरि पुर्ण रुपमा सञ्चालनमा आउनेछ ।

**सभाअध्यक्ष महोदय,**

हाम्रा सामु विभिन्न चुनौती र समस्याहरु रहेको भएतापनि सो चुनौतिलाई अवसरमा रुपान्तरण गरी समृद्धिको मार्गमा अघि बढ्न प्रयासरत रहेकाछौं। संघीय सरकार,प्रदेश सरकारबाट प्रयाप्त कानुनहरुको निर्माण, यस पालिकालाई समेत सम्पन्न गर्न नसकेका कार्यहरु यस सभामा विगत देखि हालसम्म प्रस्तुत भएका नीति तथा कार्यक्रम यस सभाले र आगामी सभाहरुमा कार्यान्वयनको लागि मुल दर्शन बन्नेछ भन्ने आशा लिएको छु ।

जीतपुरसिमरा उपमहानगरपालिकाको भौगोलिक विविधता, साँस्कृतिक विविधता, बढ्दो जनसंख्या एवम् सीमित स्रोतसाधनबाट अधिकतम लाभ हासिल गरी प्राप्त लाभलाई न्यायोचित वितरण गर्न आगामी आ.व.को बजेट तथा कार्यक्रमको उद्धेश्य निम्नानुसार प्रस्तुत गरिएको छ ।

- ❖ नागरिकका मौलिक हकको रुपमा रहेको जीबनयापनका न्यूनतम आधारभुत आवश्यकताहरु शीघ्र परिपुर्ति गर्दै गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने ।
- ❖ उत्पादन बृद्धिमार्फत् आत्मनिर्भर उपमहानगरपालिका बनाउनु ।
- ❖ उपलब्ध साधन, स्रोत उच्चतम उपयोग गरी आर्थिक तथा मानबीय विकास गर्ने ।
- ❖ आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत, सुदृढ, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने ।
- ❖ गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा नगरबासीको सहज पहुँच बृद्धि गर्नु ।
- ❖ सेवाग्राहीलाई छिटो छरितो सेवा प्रवाह गर्ने ।
- ❖ सार्वजनिक सेवा प्रवाह पद्दतिलाई संस्थागत गर्ने ।
- ❖ नागरिक तहमा परिवर्तनको आभास दिलाउने ।
- ❖ नवप्रवर्तन तथा उद्यमशिलता प्रबर्द्धन गर्ने।
- ❖ वित्त विश्लेषण मार्फत सुशासन कायम गर्ने ।

योजना छनौट गर्दा स्थानीय आवश्यकता, योजना तर्जुमा सम्बन्धी सर्वमान्य सिद्धान्त एवम् मार्गदर्शन समेतका आधारमा आगामी आ.ब. 2082/083 को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरेको छु ।

- ❖ जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरुको निर्माण ।
- ❖ दिगो शहरी पूर्वाधार, नियमित सडक मर्मत सम्भार र अधुरा योजनाहरुको निरन्तरता ।
- ❖ उत्पादनमूलक र शिघ्र प्रतिफल दिने योजनाहरु ।
- ❖ आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुर्‍याउने ।
- ❖ छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।
- ❖ पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।
- ❖ सूचना प्रविधि तथा डिजिटल प्रणालीको उपयोग ।

- ❖ स्थानीय स्रोतसाधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने ।
- ❖ प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।
- ❖ परम्परागत धर्म,संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने।
- ❖ वातावरण संरक्षण र दिगो विकासमा टेवा पुर्‍याउने ।
- ❖ पर्यटन तथा उद्योग र वाणिज्य तथा सहकारीमा टेवा पुर्‍याउने ।
- ❖ उपमहानगरपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।
- ❖ लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

उल्लेखित उद्देश्य एवं प्राथमिकताका क्षेत्रहरु कार्यान्वयन गर्ने नेपाल सरकार, मधेश प्रदेश सरकार, निजी तथा सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, स्थानीय टोल बिकास संस्था सँग समन्वय एवं साझेदारी गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म जीतपुरसिमरा उपमहानगरपालिकाको बर्तमान बित्तिय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०81/०८2 का लागि कुल बजेट रु 2 अर्ब 10 करोड 50 लाख एघारौ नगर सभाबाट संशोधन गरी बजेट बाँडफाँट गरिएकोमा मिति 2082 असार 24 गते सम्मको खर्च हेर्दा चालूतर्फ रु.१ अर्ब 12 करोड 62 लाख 54 हजार 419 बजेट विनियोजन गरिएकोमा रु 91 करोड 20 लाख 50 हजार 368 खर्च भई चालू तर्फ 83.37 प्रतिशत खर्च भएको र पुजीगत तर्फ 97 करोड 87 लाख 48 हजार 481 बजेट विनियोजन गरिएकोमा रु. 53 करोड 66 लाख 26 हजार 58 खर्च भई पुजीगत तर्फ 53.07 प्रतिशत खर्च भएको छ ।यसरी चालु आ.ब.को कुल चालू र पुजीगत बजेटको रु. 1 अर्ब 44 करोड 86 लाख 76 हजार 426 रुपैया खर्च भई जम्मा 68.82 प्रतिशत वित्तिय प्रगति भएको देखिन्छ ।

आन्तरिक आम्दानी तर्फ बैंक मौज्दात बाहेक 44 करोड 59 लाख 91 हजार 160 लक्ष्य रहेकोमा मिति 2082 असार 24 गते सम्म रु 20 करोड 88 लाख 99 हजार 810 अर्थात 46.83 प्रतिशत आम्दानी भएको देखिन्छ ।

यसरी हेर्दा जीतपुरसिमरा उपमहानगरपालिकाको आन्तरिक आय सङ्कलन र वित्तिय खर्च सुधारात्मक रुपमा अगाडी बढेता पनि लक्ष्य अनुसारको राजस्व संकलन हुन नसकेको देखिन्छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८2।०८3 को संचित कोषबाट विनियोजन हुने अनुमानित खर्चको बजेट प्रस्तुत गर्न गईरहेको छु ।

यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०82।२०८3 को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल ब्यय रु. 2 अर्व 1 लाख रुपैया रहेको छ । जसको लागि तपसिल अनुसार हुने गरि प्रस्ताव गरेको छु।

- आन्तरिक राजश्व वैंक मौज्दात सहित ४7 करोड ४0 लाख 23 हजार आय अनुमान गरेको छु ।
- संघिय सरकार र प्रदेश सरकारबाट आगामी आर्थिक वर्षको सिलिङ प्राप्त हुन आएको हुदाँ शसर्त अनुदान तर्फ ५6 करोड 81 लाख 77 हजार आय अनुमान गरेको छु ।
- संघिय सरकार र प्रदेश सरकारबाट विशेष अनुदान तर्फ 1 करोड 93 लाख आय अनुमान गरेको छु ।
- संघिय सरकारबाट समपुरक अनुदान रु 6 करोड 12 लाख आय अनुमान गरेको छु ।
- राजस्व वाँडफाँड, मालपोत रजिष्ट्रेशन, विज्ञापन कर र दहत्तर बहत्तर (ढुङ्गा गिट्टि बालुवा) सहित रु 52 करोड ७4 लाख आय अनुमान गरेको छु ।
- नेपाल सरकार समानीकरण र प्रदेश सरकार समानीकरणबाट कुल रु. 32 करोड ५0 लाख आय अनुमान गरेको छु ।
- अन्य राजश्व र बेरुजु तर्फ ५0 लाख रुपैया अनुमान गरेको छु ।

आर्थिक वर्ष २०८2/०८3 को लागी माथी उल्लिखित आयलाई मध्यनजर गर्दै कूल व्यय २ अर्व 1 लाख रुपैया अल्या योजना तथा कार्यक्रम सहितको व्यय अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

- राजस्व परामर्श समितिबाट प्रस्तावित करका दरहरु आर्थिक विधेयक, 2082 स्वीकृत भए पश्चात यस नगरबाट संकलन हुने करका दरहरु 2082 श्रावण १ गते देखि लागू हुनेछ ।
- बढाबढ प्रक्रियाबाट संकलन हुने करहरु विद्युतिय ठेक्का प्रक्रियाबाट लागू हुने गरि व्यवस्था मिलाएकोछु ।
- यस नगरभित्र सञ्चालनमा रहेको सबै प्रकृतिका व्यवसायहरुलाई अनिवार्य रुपमा दर्ता प्रक्रियामा ल्याईनेछ जसको लागि व्यवसाय दर्ता अभियान सञ्चालन कार्यक्रम ल्याएकोछु। बाँकी बक्यौता व्यवसाय कर आ.ब. 2082/083 मा एकमुष्ट दाखिला गर्नेलाई आ.ब. 2079/080 देखिको व्यवसाय कर मात्र लिईनेछ ।

**अधुरा तथा क्रमागत र बहुबर्षिय आयोजनाहरु तर्फ**

- चालु आ.ब. मा ठेक्का आह्वान भई सम्झौता भएका आयोजनाहरु र उपभोक्ता समिति लगायत अन्य प्रक्रियाबाट खरिद भएको योजना/कार्यक्रमहरुको भुक्तानीको लागि रु 5 करोड बिनियोजन गरेको छु ।
- विगत आर्थिक बर्षमा ठेक्का आह्वान भई सम्झौता भएका पुराना निर्माण सम्पन्न हुन वाँकि तथा आर्थिक बर्ष 2081/082 मा बहुबर्षिय ठेक्का प्रणालीबाट सम्झौता भएका योजनाहरुको भुक्तानीका लागि एकमुष्ट रु 20 करोड बजेट व्यवस्थापन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

आ व २०82।२०८3 मा  सँचित कोषवाट हुने विनियोजन रकम निम्न क्षेत्रहरुलाई प्राथमिकरण गरी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि कार्यक्रमहरु प्रस्ताव गर्दछु ।

**वडास्तरबाट सम्पन्न हुने आयोजनाहरु तर्फ**

हरेक वडाको सन्तुलित विकासका लागि सम्बन्धित वडास्तरबाट कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाईनेछ । यसरी कार्यान्वयन हुने आयोजनाहरुको लागि प्रत्येक वडामा न्यूनतम र सुत्रमा आधारित गरि दुई विधिबाट वडास्तरिय सिलिङ्ग निर्धारण गरिएको व्यहोरा यो सम्मानित सभालाई जानकारी गराउदै यसले वडागत तथा समग्र उपमहानगरपालिकाको विकासमा प्रतिस्पर्धा कायम हुने अपेक्षा राखिएको छ । वडामा न्यूनतम बजेट सिलिङ रु 50 लाख 39 हजार 709 र अधिकतम रु 1 करोड 12 लाख 86 हजार 560 रहेको जानकारी गराउन चाहन्छु ।यसरी 24 वटै वडाहरुको लागि वडास्तरिय आयोजनहरुमा रु 20 करोड बजेट बिनियोजन गरिएको छ । वडालाई बाँडफाँड गरिएको बिस्तृत बजेट सिलिङ अनुसुचि- 1 मा संलग्न गरेको छु । यसबाट वडाले आफ्नो आवश्यकता आफै पहिचान गरि वडाको विकासमा थप टेवा पुग्ने अपेक्षा लिएको छु ।

त्यसै गरि वडास्तरिय सिलिङ बाहेक नगरस्तरिय योजना अन्तर्गत हरेक वडामा कम्तिमा 25 लाख बराबरको 1 वटा र 10 लाख बराबरको 1 वटा अनिवार्य रुपमा लागु हुनेगरि कुल 8 करोड 40 लाख बिनियोजन गरेको छु । यस अघि रु 20 लाख रुपैया सम्म कुल लागत अनुमान भएको निर्माण कार्यको काम उपभोक्ता समिति मार्फत गर्ने निर्णय भएकोमा उक्त निर्णयलाई पुनरावलोकन गरि

प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार गर्ने गरि व्यवस्था मिलाएको छ ।

**क) आर्थिक विकास**

- कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारको रुपमा विकास गर्न यसको आधुनिकीकरण , ब्यवसायीकरण, यान्त्रीकरणमा जोड दिइनेछ ।
- कृषि प्रणालीलाई बैज्ञानिक,ब्यवसायिक र जलवायु अनुकुलित बनाउदै आर्थिक वृद्धिको दिगो आधार तय गरिनेछ ।
- कृषि सम्बन्धी कार्यक्रमलाई वस्तुपरक र यथार्थ परक बनाउनेे प्रयास गरेको छु ।
- प्राविधिक सहयोग तथा कृषि सामाग्रीका सुबिधा मार्फत कृषकलाई उत्प्रेरित गरिनेछ ।
- तरकारी पकेट क्षेत्र र मिल्कसिटीको अवधारणालाई अघि बढाउनेे कार्यक्रमलाई निरन्तरता दिन प्रस्ताव गर्दछु ।
- कृषिमा आधुनिकिकरण ल्याउन कृषकहरुलाई तालीम तथा अवलोकण भ्रमणको कार्यक्रमलाई निरन्तर राखिनेछ ।
- उद्योग व्यवसायीको व्यवसायिक क्षमता, मर्यादा, राजस्व अभिवृद्धि लगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवर्द्धन गर्न विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ । अमलेखगञ्जलाई पर्यटकिय हबको रुपमा विकास गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु ।
- सहकारी क्षेत्रको विकासका लागि सहकारीकर्मीहरुको माग र आवश्यकताका आधारमा सञ्चालन हुने कार्यक्रमहरुलाई प्राथमिकतामा राखेकोछु ।

**ख) सामाजिक विकास**

- सामाजिक विकासको लागी आवश्यक बजेट विनियोजन गरि विभिन्न कार्यक्रमहरु प्रस्ताव गरेको छु ।

- शिक्षा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागी मौजुदा कानुनी, संस्थागत, मानवीय, वातावरणीय पक्षहरु वीच अन्तरसम्बन्ध र सहकार्य कायम गरिने छ ।
- बिद्यालयलाई सुचना प्रबिधि मैत्री बनाई शिक्षाको गुणस्तरियता अभिबृद्धि गर्न कार्यक्रम ल्याइनेछ।
- विद्यालयलाई शैक्षिक प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- नगर भित्रका विद्यालयहरुको भौतिक संरचनाको निर्माणलाई प्राथमिकतामा राखेको छु ।
- गुणस्तरिय प्रारम्भिक बालविकास शिक्षामा पहुँच विस्तार कार्यक्रम, शैक्षिक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता, विद्यालयको कक्षा घटाउने तथा विद्यालय समायोजन गर्दै दरबन्दी मिलान लगायत प्रभावकारी शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- शिक्षामा गुणस्तर कायम गर्न आ.ब. 2080/081 देखि सञ्चालनमा रहेको शिक्षामा पुस्तान्तरण कार्यक्रमलाई थप प्रभावकारी बनाउन आ.ब. 2082/083 मा पनि निरन्तरता दिदै सोको प्रभावकारी रुपमा कार्यान्यनको लागि रु 1 करोड 50 लाख बजेट व्यवस्थापन गरेको छु ।
- यस उपमहानरपालिका अवस्थित सरकारी विद्यालयमा अध्ययनरत विज्ञान संकायका विद्यार्थीहरुलाई आर्थिक तथा पढाईमा थप सहयोग पुगोस भन्ने उद्देश्यका साथ छात्रवृत्तिका लागि रु 40 लाख बजेट बिनियोजन गरेको छु ।
- सर्वसुलभ गुणस्तरिय स्वस्थ्य सेवाको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- 15 शैया जीतपुरसिमरा अस्पतालको भवन निर्माण यसै वर्ष सम्पन्न गरि प्रभावकारी स्वास्थ्य सेवा प्रवाह हुने गरि सञ्चालनमा ल्याईनेछ र सामान्य अपरेशनहरु समेत यसै अस्पतालबाट हुने गरि व्यवस्था मिलाएको छु जसको कार्यान्वयनको लागि रु 9 करोड बजेट व्यवस्थापन गरेको छु ।
- सबै धर्म, जातजातिहरुको संस्कृतिको संरक्षण र प्रबर्द्धनका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- जीतपुरसिमरा उपमहानगरपालिकालाई खेलकुद पर्यटनको रुपमा राष्ट्रियस्तरमा चिनाउन तथा युवाहरुको शारीरिक र मानसिक विकासका लागी नगर स्तरीय प्रतियोगिताका साथै अन्य खेलकुद प्रतियोगिता गर्न रु 1 करोड 50 लाख बिनियोजन गरेकोछु ।
- खेलकुदको विकासको लागी नगर क्षेत्र भरीको विभिन्न खेलकुद मैदानहरुको स्तरोन्नती, निर्माण तथा संरक्षण गरिनेछ।

- स्वास्थ्य क्षेत्रमा जनस्तरमा काम गर्न प्रोत्साहनको लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक ३ हजार दरले प्रोत्साहन भत्ता उपलब्ध गराउन रु 27 लाख रुपैया बिनियोजन गरेको छु ।
- आवश्यक्ताको आधारमा प्रौढ शिक्षा संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- महिला, जातजाती, मुश्लिम, मधेसी, दलित, अल्पसंख्यक, पिछडा बर्गको उत्थान र विकासका लागी विभिन्न सीपमुलक तालिम लगायतका क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित विपन्न समुदायको उत्थानको लागि विगत बर्षदेखि चल्दै आएको लुमन्ती आवास कार्यक्रमको निरन्तरताको लागि रु 1 करोड बजेट बिनियोजन गरेको छु ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सम्मानका निमित्त ठोस कार्यक्रम सन्चालनका लागी सम्बन्धित शिर्षकमा आवश्यक बजेट विनियोजन गरेको छु।

## ग) पूर्वाधार विकास

- ठुला तथा रणनीतिक महत्व तथा गौरवका पुर्वाधार निर्माण गर्न एवं संघीय र मधेश प्रदेश सरकारबाट प्रस्तावित समपुरक र विशेष अनुदान अन्तर्गतका योजनाहरु एवं उपभोक्ता समितिबाट साझेदारी हुने कार्यक्रमको कार्यान्वयन गर्नको लागि समपुरक साझेदारी कोष स्थापना गरिनेछ जसको कार्यान्वयनको लागि रु 7 करोड 50 लाख बजेट बिनियोजन गरेको छु ।
- व्यापारिक कम्प्लेक्स भवनको निर्माणको लागि नगर विकास कोषबाट निर्माण पहल गरिने व्यवस्था मिलाएको छु ।
- नगर क्षेत्र भित्रका सम्पूर्ण सडकहरु क्रमशः स्तरउन्नती गरिनेछ ।
- नगर क्षेत्र भित्र कृषकको माग र आवश्यक्ताको आधारमा कृषि सिंचाई कार्यक्रम अन्तर्गत कुलो सफाई, डिप बोरिङ्ग जडान तथा पक्की बाँध निर्माण गरिनेछ ।
- जीतपुर स्थित नगर कार्यपालिका अन्तरगतका वडा कार्यालय र स्वास्थ्य चौकीका कार्यालय भवनको निर्माण कार्य सम्पन्न गरि नगर क्षेत्रभित्र अन्य पुर्वाधारका अतिरिक्त निर्माण गर्न यस वर्ष कार्यारम्भ गरिनेछ ।
- पुर्वाधार क्षेत्र विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## घ) वातावरण, भू-संरक्षण तथा बिपद ब्यवस्थापन

- स्वच्छ, सफा एवम् वातावरणमैत्री, प्लाष्टिकमुक्त नगर बनाउनका लागि बैकल्पिक उपायहरुको अवलम्बन गरिनेछ ।
- वनविनाश र वनको क्षयीकरण रोक्दै वन संरक्षण, वृक्षारोपण जस्ता कार्यक्रम ल्याइनेछ ।
- दुर्लभ,लोपोन्मुख जीवजन्तु र वनस्पति संरक्षणका लागि सम्बन्धित निकायहरुसँग सहकार्य गरिनेछ ।
- कृषियोग्य जमिनमा आवासीय प्रयोजनका लागि प्लटिङ्ग गर्ने कार्यको नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- कृषकको क्षमता अभिबृद्धि, कृषक सूचिकरण कार्यक्रम तथा एग्रो टुरिजमलाई प्रोत्साहन खेती गर्न कृषि उपकरण खरिदमा अनुदान, कृषि तथा पशु सेवा केन्द्रको स्तरोन्नती तथा रेविज रोग रोकथाम तथा नियन्त्रण लगाएत कृषि तथा पशुविकास कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ ।
- सार्वजनिक ऐलानी तथा पर्ती जग्गा संरक्षण सहित उपमहानगरपालिकाको भोगाधिकारमा ल्याउन आवश्यक पहल गरिनेछ । जग्गाको बर्गीकरण सहित कित्तागत विवरण तयारीको लागि आवश्यक बजेटको व्यवस्थापन गरेकोछु ।
- भुमी माथिको स्वामित्व कायम गर्नका लागि केन्द्र सम्बन्धी बिधेयक मार्फत उपमहानगरपालिका क्षेत्रभित्र बिद्यमान सुकुम्वासी समस्या, अब्यवस्थित बसोबास लगायतका व्यवस्थापनका लागी प्राप्त विवरणहरुलाई कम्प्यूटर प्रणालीमा प्रविष्ट गरि विद्युतीय अभिलेख राखिनेछ । साथै सुकुम्बासी तथा अव्यवस्थितहरुलाई यसै बर्ष जग्गाधनी पुर्जा वितरणको लागि राष्ट्रिय भुमि आयोग जिल्ला समिति बारा सँग आवश्यक पहल गरिनेछ ।
- बकुलियामा रहेको खानेपानी ट्यांकीबाट वडा नं. 5, 6, 7 र ८ को लागि शुद्ध खानेपानी वितरणको लागि ठेक्का प्रक्रिया मार्फत कार्य अगाडी बढाएको छ जसको लागि 3 करोड 50 लाख बिनियोजन गरेको छ ।
- बैकल्पिक उर्जा प्रवर्द्धनको लागि ईन्डक्सन चुलो, बायो ग्यास र सुधारिएको फलामे चुलो वितरणको लागि रु. 50 लाख बिनियोजन गरेको छ ।
- जल उत्पन्न प्रकोपबाट हुन सक्ने क्षतिको न्युनिकरणको लागी पुर्व तयारीको व्यवस्था मिलाएको छ। साथै दैवी प्रकोपबाट उन्पन्न परिस्थितलाई सामना गर्न राहत कार्यक्रमको व्यवस्था मिलाएको छ ।
- उपमहानगरपालिकाको विपद तथा प्रकोप व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ ।

### ङ) सार्वजनिक सेवा प्रवाह तथा सुशासन

- सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, सहज, सरल, चुस्त, छिटोछरितो तथा प्रविधि मैत्री बनाउने योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।
- विधिमा आधारित, सहभागितामुलक, उत्तरदायी, पारदर्शि सुशासनमैत्री प्रशासनिक संयन्त्र निर्माणको प्रभावकारी संयन्त्रको व्यवस्था मिलाएको छु ।
- क्षमता, उत्प्रेरणा र मनोबल अभिवृध्दि गरि जनप्रतिनिधि एवम् कर्मचारीको कार्य सम्पादन स्तर सुधारको कार्ययोजना बनाई लागू गरिने व्यवस्था मिलाएको छू ।
- सार्वजनिक सेवा प्रवाह तथा सुशासन क्षेत्रका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

कार्यक्रमहरुको लागि शिर्षक अनुसारको रकम अनुसुचीहरुमा उल्लेख गरिएको छ । बजेट सीमाभित्रका वडास्तरीय योजनाहरु यसैका पुरक योजनाका रुपमा समावेश हुनेछन । चालु आर्थिक वर्ष भित्र विभिन्न संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सरकारी/ गैरसरकारी निकायहरु तथा दातृ पक्षबाट कार्यक्रमसहित प्राप्त हुने रकमलाई स्वत: यसै बजेटको अंग मानी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

प्रस्तावित योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्ययोजना र कार्यविधिहरु बनाई लागु गरिने व्यवस्था मिलाएको छु । प्रस्तुत बजेटलाई उत्पादन, समष्टिगत आर्थिक स्थिरता र बञ्चितिकरणबाट समावेशीता तर्फको प्रस्थान बजेटको रुपमा प्रस्तुत गरेको छु ।

**सभाध्यक्ष महोदय; नगरसभा सदस्यज्यूहरु एवम् उपस्थित महानुभावहरु,**

आ.व.२०८2।२०८3 को बजेट र कार्यक्रम प्रस्तुतिको उत्तरार्धमा आइपुग्दा बजेट तथा कार्यक्रम बनाउन सहयोग पुर्‍याउनुहुने कार्यपालिका सदस्य, नगरसभा सदस्यलगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारीज्यूहरु, जनसमुदाय, बजेट निर्माण प्रकृयामा खटिनु भएका कर्मचारी लगायत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनुहुने एवम् अमूल्य सहयोग, सद्भाव, सल्लाह र सुझाव प्रदान गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै आय र क्षेत्रगत व्यय समेटिएको बजेट पुस्तिका शिघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित नगरसभा समक्ष जानकारी गराउँछु ।

**धन्यवाद ।**

भोला प्रसाद अधिकारी
उपप्रमुख
जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा
मिति:- २०८२ साल असार २५ गते बुधबार